# वीर्य



डा. भिक्षु सुनन्द

Downloaded from http://dhamma.digital

# वीर्य

डा. भिक्षु सुनन्द

Downloaded from http://dhamma.digital

**प्रकाशक**
हर्षरत्न वज्राचार्य
महारत्न वज्राचार्य
हेटौडा स्वर्ण भण्डार
राप्तीरोड, हेटौडा - १
फोन ०५७-२०४१३

प्रथम संस्करण २००० प्रति

बुद्ध संवत् २५४३
नेपाल संवत् १११९
विक्रम संवत् २०५६
इस्वी संवत् १९९९

निःशुल्क वितरण

**मुद्रक**
बागमती छापाखाना
गाबहाल टोल, वनबहाल
ललितपुर-१८, नेपाल ।
फोन ५३३-८४७

Downloaded from http://dhamma.digital

# समर्पण

स्वर्गीय पिता हर्षनर वज्राचार्य, स्वर्गीय माता अष्टमाया वज्राचार्य, स्वर्गीय माता लक्ष्मीमाया वज्राचार्य तथा स्वर्गीय श्रीमती मोतीमाया वज्राचार्यका पुण्य स्मृतिमा हार्दिक समर्पण ! यो पुस्तिका प्रकाशित गरी धर्मदानको रूपमा दिएको पुण्य-प्रभावद्वारा उहाँहरूलाई शान्तपद निर्वाण लाभ होस् भन्ने मंगलकामना गर्दछु ।

हर्षरत्न वज्राचार्य

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# दुई शब्द

यो *वीर्य* शीर्षक पहिले उपदेश प्रवचनको रूपमा तयार पारी ओडियो क्यासेटमा रिकर्ड गरिएको थियो र छ पनि । अब यो लेख पुस्तिकाको रूपमा पाठकहरू समक्ष प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । यस पुस्तिकामा बुद्धधर्मले देखाएको विकासका लागि नभईनहुने प्रयास तथा वीर्यको व्याख्यान गरेको छु । धर्म गर्ने तथा भौतिक विकासमा लाग्ने जो कोहीलाई पनि यस पुस्तिकामा भएको वीर्यको महत्त्व उत्तिकै हुनेछ । तर गर्छु भनेर नगर्ने, अल्सी मानेर बस्ने बानी वीर्य तथा विकासको लागि रोग हो । यो पुस्तक पढेर पाठकहरूलाई उद्योग गर्नका लागि हौसला मिल्नेछ भन्ने आशा लिएको छु । श्रद्धालु श्री हर्षरत्न वज्राचार्य तथा श्री महारत्न वज्राचार्यहरूले आफ्ना दिवंगत परिवार सदस्यहरूका पुण्य स्मृतिमा यो पुस्तक प्रकाशन गरी नि:शुल्क वितरण गरेको कुरा बौद्ध समाजमा सराहनीय एवं अनुकरणीय छ । वहाँहरूलाई साधुवाद बधाइ छ । यस पुस्तकको प्रूफ हेरेर भाषा मिलाइदिनु भएकोमा भू. पू. मन्त्री श्रीभुवनलाल प्रधान धन्यवादको पात्र हुनुभएको छ । पाठकहरूले यो पुस्तकको ज्ञान लिएर आ-आफ्ना जीवनमा बौद्धिक तथा भौतिक समुन्नति गर्नुका साथै आध्यात्मिक विकास, सुख समृद्धि गर्न सकून् भन्ने मंगलकामना गर्दछु । लोकमा सद्धर्म चिरस्थायी होस् !

श्रावण २५, २०५६ — डा. भिक्षु सुनन्द

Downloaded from http://dhamma.digital

# वीर्य

प्रिय विद्यार्थीहरू, धर्मप्रेमी उपासक उपासिकाहरू तथा महानुभाव श्रोताहरू ! आज मेरो विषय हो "वीर्य" । बौद्ध धर्मसम्बन्धी मूल ग्रन्थ, अर्थकथा आदि विभिन्न ग्रन्थहरूमा ठाउँठाउँमा उल्लेख भइरहेको वीर्य यहाँ ल्याएर व्याख्यान गर्न कोसिस गर्नेछु ।

वीर्य (पालि भाषामा विरिय)को अर्थ प्रयत्न, प्रयास, पराक्रम, पौरख, पुरुषार्थ, परिश्रम, कोसिस, उद्योग, उद्यम, व्यायाम, श्रम, मेहनत, कामक्रिया, हिम्मत, हिकमत, आँट, साहस, हाँकझाँक, वीरता, उत्साह, उल्लास, निरालसता, छन्द नहटेको कर्म, उन्नति गर्ने चेष्टा हो । डट्ने, जोतिने, चेतना युक्त कामकार्य सबै नै वीर्य हुन् । शारीरिक, मानसिक र वाचिक प्रयत्न तथा सहासपूर्ण क्रियाकलाप कार्य सबै वीर्य हुन् । यसलाई प्रवृत्त गरी गतिशीलमा ल्याउनु नै वीर्य हो, प्रयास हो । वीर्य सफलताको साधन हो । आफ्नो शक्ति प्रयोग गर्नु नै सही वीर्य हो । अकुशल धर्मलाई माथि आउन नसक्ने गरी थिचेर दमन गरी वशमा राखेर आफूले भनेझैं राख्न सक्ने शक्ति भएकोले वीर्यलाई बल भनिएको छ । क्लेशलाई नियन्त्रण गरी अनुशासन गरी राख्न सक्ने भएकोले वीर्य इन्द्रिय भएको हो । वीर्य बोधिपक्षीय धर्मको



Downloaded from http://dhamma.digital

अभिन्न अङ्ग हो । सात सम्बोध्यङ्गमा वीर्य एउटा बोध्यङ्ग हो अर्थात् मार्गाङ्ग र मार्ग-फल अन्तर्गत भइराखेको वीर्यलाई नै वीर्य सम्बोध्यङ्ग भनेको हो । आर्य अष्टाङ्गिक मार्गमा वीर्यलाई सम्यक् व्यायाम भनिराखेको छ । बोधिसत्त्वहरू बुद्ध हुन नभईनहुने दसपारमिता गुण धर्ममध्येमा वीर्य एउटा पारमिता, परोपकारको लागि गर्ने कोसिस हो । चार ऋद्धिपादमा (आफ्नो क्षमताको भित्र परेको लक्ष्यपूर्ण गर्ने साधनमा) वीर्य एउटा पाद तथा साधन भइरहेको छ । अभिधर्मानुसार वीर्य एउटा चेतसिक हो । वीर्य सम्प्रयुक्त (संयुक्त) भएको चेतसिकले श्रद्धा, प्रज्ञा आदि अरू सबैलाई पनि टेवा दिई काममा लगाउँछ । अथवा आफू वीर्य भई अरूलाई पनि वीर्यवान् गराउने काम गर्छ । साधारणतः वीर्य दुई प्रकारका छन् - एउटा प्रकृति वीर्य र अर्को भावना वीर्य हुन् । यहाँ मैले कुशल कार्यसंग सम्बन्धित वीर्यको मात्र चर्चा तथा व्याख्यान गर्नेछु ।

वीर्यको क्षेत्र, अवस्था, निरन्तरता र क्षमता शक्तिलाई विचार गरी पालि साहित्यमा त्यसलाई विभिन्न शब्दले व्याख्यान गरिराखेको छ । वीर्य सम्बन्धी छलफल भैराखेको बेलामा पूज्य भिक्षु बुद्धघोष महास्थविरले मलाई अभिधान (पदीपिका) आदि सूत्र र अभिधर्म ग्रन्थको आधार लिएर बर्मेली भाषामा लेखिराखेको *धर्म ज्ञान वीर्य* भन्ने किताब एउटामा यस्तो पनि भनिराखेको छ भनी निम्न प्रकारको वीर्य बताउनुभयो ।

'आरब्भ - एकदमै मेहनत गर्ने वीर्य, निक्कम - अल्सी भावबाट मुक्त हुन गरिने वीर्य, परक्कम - क्रमशः वृद्धि भएर बढ्दै जाने तीव्र



Downloaded from http://dhamma.digital

हुने वीर्य, उय्याम - क्रमैसंग कार्य सफलतामा पुऱ्याइदिने वीर्य, वायाम - विशेष रूपले गरिएको उद्योग, उस्साह - एकदमै गाह्रो काममा पनि उत्साह पूर्वक गरिने वीर्य, उस्सोल्ही - परिमाणभन्दा पनि बढी मेहनत गरी गरिने स्वभावको वीर्य, थाम - आफूले गरेको कामबाट पछाडि नपरी लगातार गरिने वीर्य, धिति - अर्काको काममा सहयोग दिई पूर्ण गरिदिने वीर्य, असिथिल परक्कमता - पछाडि नपर्ने उद्योग गर्ने कारण भइराखेको वीर्य, अनिक्खित छन्दता, अनिक्खित धूरता - आफ्नो इच्छा भएको ठूलो, सानो जुनसुकै कामलाई पनि गर्दिन भनी बीचमा नछोड्ने वीर्य, धूरसम्पग्गह - आफूमा आएको अभिभारालाई राम्ररी उत्साह गरी गर्ने वीर्य, वीरियिन्द्रिय - वीर्य इन्द्रिय, वीरिय बल - हतोत्साह नभई विरोधी क्लेशहरूलाई दबाएर राख्न सक्ने वीर्य बल, सम्मा वायाम - चित्त विक्षिप्त नभई वत संसार दुःखबाट मुक्त हुने वीर्य, उत्साह - अल्सीपनलाई सहन गर्ने वीर्य, आताप - क्लेश रूपी शत्रुलाई दग्ध तथा दाहक गर्ने, काम नसकिएसम्म चिन्ता लिई मेहनत गर्ने वीर्य, पग्गह - अल्सी भावलाई छाड्ने वीर्य, पधान - चित्तलाई स्थिर गर्न सक्ने गरी मेहनत गरिने वीर्य, धीति - आफूलाई प्राप्त भइसकेको सुख ऐश्वर्यलाई कायम गरी सुरक्षा गरिराख्ने वीर्य ।'

वीर्यको लक्षण दृढ भई टेवा दिने, ग्रहण गर्ने हो । यसरी वीर्यवान्हरूले आफ्नो उद्देश्य धर्मलाई प्रज्ञाद्वारा खोज गर्ने बेला निरालसी भएर वीर्य बलियो हुन्छ, अनि वीर्य परिपूर्ण हुन्छ । 'वीर्यले टेवा दिएकोले कुनै कुशल धर्मबाट च्युत हुँदैन, नाश हुँदैन । उपमा - जसरी घर भत्किने बेलामा खम्बाले टेवा दिएको हुनाले घर भत्किएर



Downloaded from http://dhamma.digital

जान सक्दैन, त्यस्तै नै वीर्यले टेवा दिएकोले कुशल धर्मबाट च्युत हुँदैन अथवा कुशल धर्म नाश हुँदैन। जसरी सानो सैन्यको समूहलाई ठूलो सैन्यको समूहले हराइदिन्छ। अनि हारिसकेको राजाले पुनः सिपाहीहरू जम्मा गरेर बल शक्ति पावर दिई सैन्य पठाएर ठूलो सैन्यलाई हराइदिने हो, त्यस्तै नै वीर्यले टेवा दिएकोले कुनै कुशल धर्मबाट पनि च्युत हुँदैन। वीर्यवान्‌हरूले अकुशललाई छाडेर कुशलको भाविता गर्दछन्, दोषलाई छाडेर दोषरहितलाई ग्रहण गर्दछन्, पुनः आफूलाई पनि शुद्ध गर्दछन्।' (हेर्नुहोस् नेपाल भाषाको *मिलिन्द प्रश्न* पृष्ठ ५१-५२।)

वीर्यको लक्षण, काम, क्षेत्र र क्षमतालाई विचार गरेर उक्त धेरै प्रकारका वीर्य देखाइराखेको हो। वीर्यलाई विभिन्न ठाउँमा विभिन्न नाम दिएर प्रयोग गरिराखेको देखिन्छ। तर यी कुराहरूलाई तुलना गरी हेर्दाखेरि त काठ बालेर आएको आगोलाई काठको आगो, कोइला बालेर आएको आगोलाई कोइलाको आगो, पराल बालेर आएको आगोलाई परालको आगो, छ्वाली बालेर आएको आगोलाई छ्वालीको आगो भन्ने चलनजस्तो मात्रै हो। वास्तवमा आगो त सबै एउटै हो। जुनसुकै आगोको पनि पोल्ने एउटै मात्र स्वभाव हुन्छ। त्यस्तै नै जतिसुकै प्रकारको वीर्य भए तापनि सबै वीर्यको पनि प्रयास गर्ने एउटै मात्र स्वभाव हुन्छ।

वीर्य वा तेज भएको मानिसलाई वीर्यवान् भनिन्छ। बल भएको, बलवान्, शक्तिशाली, मेहनती, परिश्रमी, उद्योगी, उत्साही, हिम्मतदार, हिम्मती, हिकमती, आँटिलो, साहसी आदि पनि वीर्यवान्‌को



Downloaded from http://dhamma.digital

परिभाषा हो। आफ्नो लक्ष्य सिद्ध गर्नको लागि उन्नतिमा लागिरहेको व्यक्ति नै उद्योगी हो। मनमा र शरीरमा बल शक्ति भएको, फूर्ति भएको पराक्रमी व्यक्ति वीर्यवान् हो। अधिक वीर्य भएको बुद्ध त वीर्याधिक बुद्ध नै हुनुभयो। त्यसकारण मानिस कत्रो छ (कति ठूलो छ) भन्ने कुरा उनको चाहना, आँटद्वारा नापिन्छ। मानिस ठूलो-सानो तथा उच्च-नीच हुने आफ्नो बुद्धि शीलाचरणमा भर पर्दछ। उनको कामले उनलाई चिनाउँछ। आँट, हिकमत, हिम्मत नभएको मानिसलाई हिम्मतहार भनिन्छ। वीर्य शक्ति, स्फूर्ति नभएको मानिसलाई वीर्यहीन भएको भनिन्छ।

वीर्य मनमा चित्तको उत्पत्तिबाट सुरु हुन्छ, काम कुरा गर्नमा संलग्न हुन्छ, अनि लक्ष्य सफलतामा पुगेर अन्त हुन्छ। यसरी आरब्भ कार्यको सुरुमा हुने वीर्य हो। परक्कम उक्त वीर्यबाट नहटी पछाडि नपरी गरेर लैजाने वीर्य हो। निक्खम - आफूले गरेको काम पूर्ण नभएसम्म पछाडि नपरीकन गरिने वीर्य हो। बीचमा रोकिएको वीर्य असफलताको चिन्ह हुन्छ। विनावीर्यले, विनाउद्योगले कुनै पनि काम हुँदैन। मोटरमा पांग्रा, मिशिन, पेट्रोल, ड्राइभर आदि सबै भए तापनि त्यसलाई चलाएन, गतिशीलतामा लगेन भने त्यो मोटर कतै जाँदैन। जानु पर्ने ठाउँमा पुग्दैन। त्यो जस्तो नै हामीसंग श्रद्धा, ज्ञान, बुद्धि सबै भए तापनि यदि हामीसंग सर्व धर्मको गतिशीलता भइराखेको वीर्य भएन, प्रयोग गरिएन, प्रयत्न गरिएन भने कुनै काम पनि हुँदैन। जीवनको लक्ष्य सिद्ध गरिलिन सकिंदैन। त्यसकारण वीर्य सबै कामकाजलाई गतिशीलतामा लैजाने प्रयत्न हो।



Downloaded from http://dhamma.digital

वीर्यले प्रेरित भएको व्यक्तिको मनमा उद्योग अभ्यासद्वारा आफ्नो लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने विचार हुन्छ। अनि उसलाई कसैले "यो प्राप्त गर्न गाह्रो हुन्छ" भने तापनि त्यो निरुत्साहित हुँदैन। जतिसुकै गाह्रो भए तापनि कष्ट भोग गर्नुपरे तापनि उसले त्यसलाई कष्ट सम्झिँदैन। वर्षौंवर्षसम्म जतिसुकै नै उद्योग गर्नुपरे तापनि आत्तिँदैन। हडबड गर्दैन। निरुत्साहित हुँदैन। कुनै श्रमण, ब्राह्मणहरूले त आतप्त वीर्य, प्रधान वीर्य तथा अनुयोग वीर्य गरेर, अप्रमाद र सम्यक् मनसिकारलाई कारण गरेर आफ्नो लक्ष्य ठूलो समाधि प्राप्त गरिलिन्छ। चित्त परिशुद्ध गरी क्लेशबाट मुक्त हुन्छ। पूर्व जन्मको कुरा आदिलाई पनि जान्ने हुन्छ। वीर्यद्वारा मानिसहरू दुःखबाट मुक्त हुन सक्छ। दुःखबाट मुक्त हुनको लागि भगवान् बुद्धले मानसिक वीर्यलाई बढी प्रधानता दिनुभएको छ।

अनि मनलाई क्लेशले नछुवाईकन टाढा राख्ने अभ्यास, पवित्रता अनुभूतिद्वारा मनलाई उत्कर्षक पारी माथि उचाल्ने, स्वतन्त्रतामा पुऱ्याउने पद्धतिलाई बुद्धले सम्यक् व्यायाम भन्नुभएको छ। त्यसैले सम्यक् व्यायाम भनेको अरू कुरा होइन, मानसिक वीर्य हो। मानिसहरूले खरानी अथवा क्लिनिंग पाउडर दलेर कालो भाँडोकुँडालाई घसीघसी सफा गरी धोएर पठाउने जस्तै हामीले सम्यक् व्यायामरूपी मानसिक वीर्य बनाई कालो मन, मनमा भएको क्लेशरूपी मैलालाई घसीघसीकन धोएर सफा पार्नु पर्दछ। त्यसरी मनलाई धोएर सफा पार्नलाई सम्यक् व्यायाम यसरी अभ्यास गर्नुपर्दछ - (१) उत्पन्न नभएको रिस, राग, मिथ्यादृष्टि आदि अकुशल (धर्म) चित्तलाई उत्पन्न



Downloaded from http://dhamma.digital

नगराउनको निम्ति कोसिस गर्नु; (२) उत्पन्न भइसकेको अकुशल (धर्म) चित्तलाई हटाउनको निम्ति कोसिस गर्नु; (३) उत्पन्न नभएको श्रद्धा, वीर्य, मैत्री र प्रज्ञाजस्तो कुशल धर्म चित्तलाई उत्पन्न गर्नको निम्ति कोसिस गर्नु; (४) उत्पन्न भइसकेको कुशल धर्म चित्तलाई अझ बढाएर लानको निम्ति कोसिस गर्नु । साथै (१) नआएको दुःख कष्टलाई आउन नदिनको निम्ति कोसिस गर्नु, (२) आइसकेको दुःखकष्टलाई हटाउनको निम्ति कोसिस गर्नु, (३) नभएको सुख सुविधालाई बनाउनको निम्ति कोसिस गर्नु, (४) भएको सुख सुविधालाई सुरक्षा गर्ने तथा त्यसलाई झन् बढाउनको निम्ति कोसिस गर्नु । यो पनि व्यायाम नै हो । व्यायाम तथा वीर्य परिपूर्ण भएको व्यक्तिको मनमा प्रीति उत्पन्न हुन्छ । जीवन सुखी हुन्छ । यस प्रकारले भगवान् बुद्धले दुःख कष्टको कारण भएर बसेको अकुशल पाप नबनाउने, सुख सुविधाको कारण भइरहेको कुशल धर्म सञ्चय गर्ने, नराम्रो बानी छाड्ने, राम्रो असल बानी बनाएर बलियो पारी मनुष्य जीवन सुखमय बनाउने प्रेरणा दिनुभयो । सम्यक् व्यायामरूपी वीर्यको व्याख्यान गर्नुभयो ।

यसरी कुशल चित्त बनाउन, अकुशललाई छाड्ने प्रयास तथा व्यायामको साथसाथै हाम्रो अमूल्य समय कसरी बितेर गइरहेछ भनी ज्ञानले हेर्नु पर्ने आवश्यक छ । हाम्रो जीवनको क्षणिक क्षणिक समय पनि अत्यन्त अप्रमेय रूपले मूल्यवान् छ । त्यो अमूल्य समय क्रियाशील भएर उचित पूर्वक बितिरहेको छ कि अथवा अक्रियाशील भएर अनुचित पूर्वक बितिरहेको छ मनले विचार गरी हेर्ने वीर्य बनाउनु पर्छ । कथं भूतस्स मे रत्तिं दिवा वीतिपतन्ती'ति पब्बजितेन अभिण्हं



Downloaded from http://dhamma.digital

पच्चवेक्खितब्बं अर्थात् मेरो रातदिन कसरी बितिरहेको छ भनी प्रव्रजितहरूले, मानिसहरूले दिनदिन अभिन्न रूपले प्रत्यवेक्षण गर्नु पर्छ ।

सिंधिसकेको समय, चुकिसकेको मौका, बितिसकेको बैंस फेरि फर्केर आउँदैन । परिवारहरूले, अभिभावकहरूले समयमा गर्नुपर्ने विचार, काम कुरामा मेहनत नगरेकोले, होस नराखेकोले धेरै परिवारहरूको तथा सम्बन्धित व्यक्तिहरूको हानि नोक्सानी गराएर बस्नुपरेको छ । सास्ती, दु:ख खपेर अपाङ्ग भएर बस्नुपरेको छ । अकालमा मर्नुपरेको छ । त्यसकारण समयमा चाहिने, ठाउँमा चाहिने किसिमले वीर्य गर्नु पर्छ । जसले धर्मकर्म गर्दैन, यौवन अवस्थामा शिक्षा लिंदैन, धन जम्मा गर्दैन, गर्नु पर्ने विवाह गर्दैन, त्यस व्यक्तिले बैंस गइसकेपछि पानी नभएको पोखरीमा कच्याङकुरुङ भन्ने चरा झोक्रिएर बसेको जस्तै बितिसकेको कुरालाई याद गरी मन दु:खाएर बस्नुपर्ने हुन्छ । धर्मकर्म गर्ने, ध्यान, ज्ञान तथा मार्ग-फल प्राप्त गर्ने समयमा नै गर्नु पर्छ । नत्र बैंस गइसकेपछि आफ्नो मानव चोला खोक्रो पुरानो लौकाजस्तो मूल्यहीन तथा खाली भएर बस्नु पर्ने हुन्छ । त्यसकारण समय भएको बेलामा नै गर्न भ्याउने गरी आफूले गर्नुपर्ने काम कुरा सकियो कि सकिएन, जीवनको लक्ष्य सबै सफल भयो कि भएको छैन, मसंग इच्छा गरेको वस्तु, लोकुत्तर धर्म छ कि छैन भनी बारम्बार विचार गरी हेर्नुपर्छ । यदि आफूले गर्नुपर्ने कर्तव्य गरिसकेको छैन भने, सफलता प्राप्त भइसकेको छैन भने त्यसको निम्ति तीब्र वीर्य बनाई प्रयास गर्नुपर्छ ।



Downloaded from http://dhamma.digital

हे मानिस । तिम्रो बैंस सकिएर हात खुट्टा दुर्बल भएर, शरीरमा मासुरगत सुकेर गई अशक्त भएर, चितामा लेटाउनु पर्ने समयमा तिमीले के धर्म गर्न सकौला ? बैंस गएर मर्ने बेलामा मात्र गर्न सकिने यो ब्रह्मचर्य धर्म होइन । त्यसकारण विवाह गर्नको लागि जोडा (पोइजोई) पाउन नसकेर निराश भएर बसेका, लोग्ने नभएका, बूढीहरूले पञ्चशील पालन नगरीकन बुद्धको अगाडि बसी भन्ते (भिक्षु)हरूसंग ब्रह्मचर्य पञ्चशील प्रार्थना गर्नु, के यो बुद्ध धर्म संघको अगाडि अपमान गरी जिस्कनु जस्तो काम भएन र ? स्यालले जंगलको रूखमा फलिरहेको राम्रो फल लोभ लागेर खान खोज्दाखेरि टिप्न (भेट्टाउन) नसकेकोले बेस्सरी कोसिस गर्दा पनि लिन नसकी त्यसले, "अँ, त्यस्तो अमिलो फल पनि म जस्तोले खान्छु र ?" भनी त्यागेर गएको कथाजस्तै त्यो ब्रह्मचर्य पञ्चशील नाम मात्रको हाँस्यास्पद भएन र ?

मनमा कामराग उत्पन्न भएको नै नबुझ्ने बालकलाई ब्रह्मचारी भन्ने, बैंसालु भएर मनमा कामरागले ठाउँ लिइसकेको मानिस हुँदाखेरि गृहस्थ भनी काम भोग गर्ने, उमेर गई राम्ररी मैथुन धर्म सेवन गर्न नसक्दाखेरि विरक्त भएर आफूले आफैलाई सन्यासी भनेर देवतालाई सम्झी बस्ने, अनि पछि मन वैराग्य नै भयो भने मात्रै बल्ल वानप्रस्थ भनी ईश्वरका शरण लिई जंगलमा जीवन बिताउन जाने सिद्धान्त बाहिरबाट हेर्दा राम्रो जस्तो लागे तापनि भित्र खोक्रो हुन्छ, इच्छा तथा तृष्णाको स्रोतसंगसंगै दगुरिरहेको हुन्छ । यो निर्वाणमा पुऱ्याउने बौद्ध सिद्धान्त होइन । तृष्णा नै हटाउनु निर्मूल पार्नुपर्ने



Downloaded from http://dhamma.digital

बुद्धको उपदेश हो । नचाहिने ठाउँमा जाने मन, दुःख दिइरहने तृष्णालाई समय मै वशमा राखी ब्रह्मचर्य शील धर्म पालन गर्न सकियो भने मात्र उनलाई ज्ञानी धर्मात्मा भन्न सकिन्छ र भन्न योग्य हुन्छ । नत्र बैंस गएर शक्तिहीन भई निराश भएका बूढाहरूले, लोग्ने मरेका, लोग्ने नभएका बूढीहरूले मात्र ब्रह्मचर्य शील धर्म पालन गरें भनी ब्रह्मचारी धर्मात्मा भएर ज्ञानी भई देखाउने काम त जादुगरले मन्त्र पढी मरेको सर्पलाई उठेर आउन नसक्ने गरी दमन गरिराखेको छु भनी देखाउने चटकजस्तै मात्र हुँदैन त ? साँच्चै ब्रह्मचर्य धर्म पालन सार्थक बनाउन चाहन्छौं, मोक्ष तथा निर्वाण प्राप्त गर्ने इच्छा छ भने हामीले बैंस भएको बेलादेखि नै वीर्य गर्नु पर्दछ ।

सिद्धार्थ राजकुमारले उनन्तीस वर्षको उमेरमा आफूलाई मन पर्ने श्रीमती यशोधरा देवीलाई राजदरबारमै छाडी जंगलमा तपस्या गर्न जानुभई बुद्ध हुनुभयो । भगवान् बुद्धको भाइ नन्द राजकुमारले विवाह स्वयम्बर गर्न लागेको प्रेमीका जनपदकल्याणीलाई छाडी राज्याभिषेक पनि नलिईकन भिक्षु भएर अरहत्त हुनुभयो। तीस भद्रवर्गीय युवक कुमारहरूले मुखमा रगत चुहने अनुहार भएका आ-आफ्ना युवती कुमारी स्त्रीहरूसंग जंगलमा डिस्को डान्स जस्तो रसरंग गर्न छाडी बुद्धको ब्रह्मचर्य उपदेश सुनी भिक्षु भए । बुद्धले कोलिय र शाक्यहरूको बीचमा लडाइ छिनीदिनुहुँदाखेरि दुवै देशका पाँचसय जवान राजकुमारहरू बुद्धकहाँ आएर भिक्षु भए। अनि उनीहरूले मन पराइराखेका पाँचसय तरुणी स्त्रीहरू पनि भिक्षुणी भइगए । यस्तै नै अरू अनगिन्ती युवक युवतीहरू सांसारिक जीवनदेखि विरक्त भएर



Downloaded from http://dhamma.digital

बुद्धशासनमा आई ब्रह्मचर्य धर्म पालन गरी जन्म मरणरूपी दु:खबाट मुक्त भए। यस्तो राम्रो व्यवहारिक उपदेशले हाम्रो त्रिपिटक ग्रन्थको भकारी भरिराखेको छ। त्यो आदर्श लिएर हामीले किन मेहनत गर्न सकेनौं ?

साँच्चै ध्यान, ज्ञान, मार्ग-फल तथा जीवनमुक्ति प्राप्त गर्न इच्छुक व्यक्तिहरूले बैंस हुंदाखेरि, आफूसंग बल शक्ति रगत भएको बेलामै मेहनत गरी धर्म गर्नु पर्छ। वीर्य नगरीकन धन पनि हुँदैन, धर्म पनि लाग्दैन। त्यसकारण वीर्य आफैले गर्नु पर्दछ।

वर्तमान कालमा पनि भेएटनामी डान्सरजस्तै राम्राराम्रा तरुना-तरुनी, युवक युवतीहरू विहार-विहारमा आई धर्मको काम कुरा गरिराखेकै छन्। थाइलैण्डमा लाखौं लाख जवानहरू भिक्षु भई ब्रह्मचर्य शील पालन गरिराखेका छन्। त्यस्तै नै आजको वैज्ञानिक युगमा अरू अरू बौद्ध तथा अबौद्ध देशमा ब्रह्मचर्य धर्म पालन गरिबसेका मानिसहरूको संख्या विचार गरिहेर्‍यौं भने हामीले बैंस गइसकेकाभन्दा पनि बैंसालु चालीस-पैंतालीस वर्षदेखि तलका भिक्षु, भिक्षुणी तथा अनागारिकाहरू देख्न सक्दछौं। संसारमा विचार गर्‍यौं भने जान्ने-सुन्ने, बल-शक्ति भएका, वीर्य भएका मानिसहरूले नै धेरै धर्म गरिरहेको देखिन आउँदछ। धर्म गर्ने मानिसहरूको प्राय: गरी उन्नति वृद्धि पनि भइरहेको छ। "उठ, अल्सी नहोऊ, राम्रोसंग धर्माचरण गर, धर्माचरण गर्नेले यो लोकमा पनि परलोकमा पनि सुखपूर्वक वास गर्दछ।" यो (*धम्मपद* गाथा नम्बर १६८) बुद्धको उपदेश आजको युगमा झन् प्रकाशित भइरहेको छ।



Downloaded from http://dhamma.digital

गर्नुपर्ने कामकुरा आजै गर, तिमी भोलि नै मरौला कि के हो, के हो, कसले जानेको छ ? (अज्जेव किच्चं कातप्पं, कोजञ्ञा मरणं सुवे ?) बाँची राख्नको निम्ति ग्यारेण्टी केही छैन । त्यसैले मेहनत अहिल्यै नै गर्नुपर्दछ । मनुष्य जीवन दुर्लभ, प्रव्रजित जीवन दुर्लभ भन्ने महत्त्व बुझी यसलाई उचित रूपले उपयोग गर्ने कोसिस गर्नुपर्दछ । निर्वाण प्राप्तिको लागि निरन्तर प्रयत्न, तीव्र प्रयास, स्वच्छ मेहनत गर्नुपर्दछ । मौकामा मेहनत गरेन भने, पछि समयले भ्याएन भनी पश्चाताप गर्नु पर्ला । त्यसैले पूज्य भिक्षु कुमार काश्यप महास्थविरको *दस पारमिता,* पृष्ठ २२४ मा बुद्ध वचनलाई यसरी उद्घृत गरिराखेको छ ।

आरभथ निक्कमथ, युञ्जथ बुद्ध सासने ।
धुनाथ मच्चुनो सेनं, नलागारंव कुञ्जरो ॥

अर्थ : वीर्य गर, अल्सी भावलाई टाढा हटाऊ, बुद्धशासनमा प्रतिपति पूर्ण गर्नमा दत्तचित्त होऊ, जसरी हात्तीले बाँसको (झुप्रा-झुप्री) घरलाई कच्याङकुचुङ पारिदिए झैं (अल्सीरूपी) मार सेनालाई टुक्राटुक्रा पारिपठाऊ ।

ज्ञान गुण धन सम्पत्ति लाभ गर्ने, उन्नति वृद्धि गर्नको निम्ति प्रयास गर्नुपर्दछ । वीर्य गर्नुपर्दछ । यसरी मेहनत गर्नुलाई नै उत्थान सम्पदा भनेको हो । उद्योगी जीवनमा सम्पन्नता हुन्छ, अल्सी जीवनमा असम्पन्नता हुन्छ ।

वीर्यको विपरीत दोष अल्सीपन हो । धेरै खायो भने अल्सी हुन्छ । धेरै सुत्यो भने पनि अल्सी हुन्छ । हाम्रो मनमा विभिन्न



Downloaded from http://dhamma.digital

कारणलाई निहुँ पारी अल्सीपन उत्पन्न हुनसक्छ । धेरै नै जाडो छ, धेरै नै गर्मी छ, धेरै नै सबेर छ, धेरै नै अबेर भयो, धेरै नै भोक लाग्यो, धेरै नै पेट गह्रौं भएको छ आदि भनी नाना प्रकारको निहुँ राखेर गर्नुपर्ने काम पनि नगरीकन बस्ने हुन्छ । तर साँच्चै उत्साही, वीर्यवान् मानिस त्यस्तो हुँदैन । त्यसले आफूसंग भएको बल शक्तिलाई प्रयोग गरेर नै लग्दछ । अलिअलि गर्मी छ, जाडो छ, भोक लागेको छ, प्यास लागेको छ, थकाइ लागेको छ, गाह्रो छ, शरीर अस्वस्थ छ आदि भन्ने अल्सीपनलाई वास्तै नराखीकन उद्योग गर्दछ । गर्नुपर्ने, गर्न सकिने, काम कुरासम्म सबै गरेर प्रगतिमा लाग्दछ । यस्तो गर्ने मानिस उन्नतिको मार्गमा अगाडि बढ्दै जान्छ । त्यसले जीवनको सफलता प्राप्त गरिलिन्छ । त्यसरी मेहनत नगरीकन महत्त्वपूर्ण कुनै चीज-वस्तु पनि सजिलोसंग प्राप्त हुँदैन अर्थात् Nothing worthwhile comes easily. जीवनमा सुख-शान्ति पनि प्राप्त हुँदैन । रातभरि सुत्ने, दिउँसो काम नगर्ने, अरूसंग निरर्थक गफसफ गरिहिंड्ने, ज्ञान नभएको, अल्सी मानिसको दुःख कहिले मात्र शान्त हुन्छ होला, हे भगवान् ? धेरै खाएर, धेरै सुत्ने, मेहनत नगरीकन जीवन यापन गर्ने, ज्ञान नभएको मानिस साहु-साहुनीहरू झैं देखिए तापनि दुःखबाट मुक्त हुन सक्दैन । उनीहरूको भएको सम्पत्ति मात्र सकिएर जान्छ । त्यसकारण *धम्मपद* गाथा नम्बर ११२ मा बुद्धले भन्नुभएको छ :-

> यो चे वस्ससतं जीवे, कुसीतो हीनवीरियो ।
> एका'हं जीवितं सेय्यो, विरियमा'रमतो दल्हं ॥



Downloaded from http://dhamma.digital

अर्थ : अल्सी, उत्साहहीन भएर सयौं वर्षसम्म जीवित भएर बस्नुभन्दा, दृढ उद्योगी भएर एक दिन मात्र जीवित भएर बस्नु श्रेष्ठ।

उत्साह उद्योग नै जीवनको सार्थकता हो। तर कुनै मानिसहरूका काम गर्न काम नै छैन भन्ने निहुँ राखी कुनै उपाय कुशल नगरीकन, नखोजीकन चुप लागी बस्दछन्। त्यसरी बस्नु ठीक छैन। लोकमा काम गर्ने मन नहुने मानिसभन्दा काम गर्ने विचार गर्ने मानिस कति श्रेष्ठ उच्च हुन्छ। त्यसकारण काम नगरी चुपलागी बस्ने मानिस त नभएको, मरेको बराबर हुन्छ अर्थात् None acting is none existing. अकृयता नै अस्तित्वहीनता हो। यदि हामीलाई चीज-वस्तु, धन, सम्पन्नता, ज्ञान गुण मन पर्छ भन्ने हामीले सानो ठूलो जे सुकै भए तापनि काम गरिरहनु पर्छ। साथै भरसक ठूलो काम खोज्ने कोसिस पनि दृढ पूर्वकले गर्दै लानुपर्छ। यसरी गर्नेलाई काम कहिले पनि खाली हुँदैन। आफ्नो मेहनत अनुसारको फल पनि आउँदै नै गर्छ। त्यसैले उपाय हामीले गर्नुपर्छ, निराश निरुत्साह हुनु हुँदैन। पानी पिउन चाहनेले कुवा खोज्नुपर्छ भन्नेझैं धन कमाउन पर्नेले यत्नपूर्वक काम खोज्नुपर्छ। कोसिस गर्नुपर्छ। जसरी नदी तर्नुपर्ने मानिस नदीवारि चुपलागेर बसी, "नदी किनारा! तिमी एकपल्ट यता आऊ, म पार तर्नु पर्‍यो।" भन्दैमा त्यो नदीपारिको किनारा यता वारि आउँदैन। आफू पार तरी जान इच्छा भएमा आफैंले नै उपाय कुशलद्वारा मेहनत गरी जानुपर्छ। त्यसरी नै मेहनत नगरीकन, वीर्य नगरीकन धन, ज्ञान, गुण, निर्वाण आदि केही पनि लाभ गर्न सकिंदैन। मानिसहरूले उपाय कुशल गरे भने सानो कामबाट सुरु



Downloaded from http://dhamma.digital

गरेर पनि क्रमशः ठूलो काम गरी लान सकिन्छ; धेरै धन कमाउन सकिन्छ ।

प्रज्ञा र वीर्य भयो, मेहनत गऱ्यो भने भिखारीको पनि भखारी भरेर आउँछ, धनी भएर आउँछ भन्ने कुरा त्रिपिटक र अर्थकथा ग्रन्थहरूमा धेरै ठाउँमा देखाइराखेको छ । अलिकता हेरफेर गरी आधुनिक युगको मानिसहरूले बुझ्ने किसिमको भाषाले बताइरहेको यो चुल्लसेट्ठी जातक नम्बर ४ ले उक्त कुरालाई स्पष्ट हुनेगरी देखाइरहेको छ । त्यो हो पहिला काशी राष्ट्रको वाराणसी नगरमा बोधिसत्त्व एक सेंठको कुलमा जन्म भयो । पछि उ तन्देरी भएपछि उसको आमा-बाबु दुवै परलोक भएपछि त्यो बोधिसत्त्व आफ्नो सेट्ठीकुलका सम्पूर्ण अधिकार भएको मालिक भयो । राजाले उसलाई चुल्लसेट्ठी पदमा नियुक्त गरे । त्यो चुल्लसेट्ठी बोधिसत्त्व धेरै नै पण्डित र व्यक्त पुरुष थियो । ऊ जोतिषशास्त्र जान्दथ्यो, सबै प्रकारको लक्षणलाई जान्दथ्यो, भविष्यवाणी राम्ररी नै गर्न सक्दथ्यो ।

एक दिन विहान चुल्लसेट्ठी बोधिसत्त्व राजाको सेवामा राजदरवारमा जानको लागि बाटोमा गइरहेको बेला उसले वाराणसीको एउटा गल्लीको बाटोमा मरेको मुसा एउटा फालिराखेको देख्यो । उसले त्यहाँ बाटोमा उभिएर त्यस मरेको मुसालाई हेरेर यसो भन्यो, "कुनै बुद्धिमान् मानिसले त्यस मुसालाई लिएर गयो भने उसले त्यस मुसा बेचेर आजीविका गर्न सक्दछ, परिवारहरू पाल्न सक्दछ, धनी पनि हुन सक्दछ ।" त्यसैबेला त्यहाँ बाटोमा आइरहेको गरीब मानिस एकजना तन्नेरीले त्यो कुरा सुन्यो । तब उसले विचार गऱ्यो, "त्यो



Downloaded from http://dhamma.digital

पण्डित मानिसले झूठा कुरा गर्दैन । म गरीब । मलाई धन कमाउन परेको छ । त्यसकारण यो मरेको मुसा मैले लगेर बेची जीविका गर्दछु ।" यसरी विचार गरी त्यस गरीब मानिसले त्यो मरेको मुसा लिएर गयो । उसले त्यो मुसा लगिरहेको बेला बाटोमा बिरालो पाली राखेको घर एउटा देख्यो । उसले त्यहाँ बिरालो पालिराखेको मानिसलाई बोलाएर भन्यो, "तपाईंको बिरालोलाई यो मुसा खुवाउनलाई लिनुहोस् ।" त्यस मानिसले पनि हुन्छ भनी उसलाई एक पैसा दिएर त्यो मरेको मुसा बिरालोलाई खुवाउनलाई किनेर लियो ।

गरीब मानिसले त्यो एक पैसाले सक्खर किनेर लगी गर्मीको बेला बगैंचामा काम गरिराखेका मालीहरूलाई बाँडेर खुवायो । पानी पनि पिलायो । ती मालीहरू सबै खुशी भएर त्यस गरीब मानिसलाई एक एक मुठ्ठा फूल दिएर ल्यायो । पछि पनि उसले त्यसरी पानी पिलाएर सक्खर खुवाउन जाँदा ती मालीहरू सबै झनै खुशी भएर उनीहरूले टिपेर राखेको फूल आधा-आधा दिए । त्यस मानिसले ती फूलहरू सबै जम्मा गरेर बेच्दा उसलाई आठ रुपियाँ प्राप्त भयो ।

त्यस गरीब तन्नेरीले त्यस रुपियाँको पनि सक्खर र माटोको घैंटो पनि किनेर लिएर गई धेरै घाँसीहरू घाँस लिएर आउने बाटोमा ढोकाको छेउमा पर्खेर बस्यो । गर्मी भएको बेलामा बाटोमा थाक्दै, भोकाउँदै घाँस बोकेर आउँदै गरेका घाँसीहरूलाई, "ए दिदीहरू, ए दाजुहरू यता आउनुहोस् । यहाँ शीतल छ । घाँस भारी बिसाएर एक छिन आराम लिनुहोस् । यहाँ शुद्ध चिसो पानी छ । पिउनुहोस् । यो सक्खर अलिकति खानुहोस्, लिनुहोस् । पानी पिउने इच्छा भए जति



Downloaded from http://dhamma.digital

पिउनुहोस् ।" भनी मैत्रीपूर्वक सम्बोधन गरी अलिअलि सक्खर पनि बाँडिदियो । त्यहाँ नगिचै भएको खोलामा कलकल बग्दै आइरहेको चिसो सफा पानी भाँडोमा उघाईउघाई ल्याइदियो । ती थाकेर आएका घाँसीहरू सबैले त्यहाँ पानी पिएर, सक्खर खाएर, थकाइ मारे । त्यस तन्नेरी मानिसको प्रिय वचन सुनेर, मैत्रीपूर्ण व्यवहार देखेर घाँसीहरू सबैको उसप्रति माया लाग्यो । पछि उनीहरू सबैले पनि खुशी भएर प्रत्येकले त्यसलाई एक एक मुठ्ठा घाँस दिएर गए । उसले त्यो घाँस सबै त्यहाँ बाटोको छेउमा थुप्रो पारी थाक लगाएर राख्यो । पछि घोडा व्यापारीहरू पाँचसय घोडाहरू बिक्री गर्नको लागि त्यहाँ आइपुगे । उनीहरूले त्यो घाँस सबै पुग्दै नपुग्ने गरी किनेर घोडाहरूलाई खुवाए । त्यसैले त्यस मानिसलाई सयौं रुपियाँ प्राप्त भयो ।

एक दिन राति वाराणसीमा ठूलो आँधी आयो, वर्षा भयो । बलियो नभएको झुप्रा-झुप्री घरहरू पनि बिग्रे, हानि नोक्सानी भए । भोलिपल्ट बिहान मालीहरूले राजाको बगैंचामा सधैंजस्तो काम गर्न भनी हेर्न जाँदा उनीहरूले त्यहाँ धेरै फूलपात झरेको, हाँगाबिँगाहरू भाँचेर बगैंचाभरि फोहर भइराखेको देखे । त्यस दृश्य देखेर ती ढलेका रूख, हाँगाहरू कसरी पन्छ्याउने भनी मालीहरू सबै के गर्ने के गर्ने भएर आँत्तिए । त्यसै समयमा त्यो मुसा बेचेर खाने गरीब तन्नेरी त्यहाँ बगैंचामा आइपुग्यो । उसले मालीहरूलाई भन्यो, "यदि तपाईंहरूले यी ढलेका रूख, भाँचिएको हाँगाहरू मलाई दिने हो भने यी सबै मैले सफा गरिदिनेछु ।" तब ती मालीहरूले आफूले सफा गर्न परेन भनी खुशी भएर हुन्छ, "यी हाँगाबिँगाहरू आदि सबै



Downloaded from http://dhamma.digital

तिमीलाई नै लैजाऊ। हामीहरूलाई यो बगैंचा सफा मात्र गरिदेऊ," भने । यो कुरा सुनेर त्यस तन्नेरीले वाराणसी नगरको बाटोमा खेलिराखेका केटाकेटीहरू, काम नपाएका मानिसहरू सबैलाई सक्खर किनेर अलिअलि बाँडी खुवाएर, फकाईकन बगैंचामा बोलाएर लग्यो। उनीहरूलाई त्यहाँ रूख, हाँगाबिँगाहरू आदि सबै बगैंचाको ढोकाछेउ एक ठाउँमा ओसार्न लगाई मिलाएर थाक पारी राख्न लगायो। बगैंचा सबै सफा गर्न लगायो। पछि राजाका कुम्हालेहरू एक हूल माटोका भाँडाहरू पोल्न दाउरा खोज्दैखोज्दै त्यहाँ आइपुगे। तब ती दाउराहरू सबै उनीहरूलाई बेचेर त्यस मानिसले हजारौं रुपियाँ कमायो।

पैसाले कुरा सिकाउँछ, मेहनतले काम सिकाउँछ भन्नेझैं त्यो मानिस झन् झन् चलाक भएर आयो । जलमार्गबाट आएका व्यापारीहरू सबै आइपुग्ने, जहाज अडाउने घाटको किनारामा पाल टाँगेर सानो पसलजस्तो अफिस खोलेर बाहिर पालेहरू राखेर आफू मालिक भएर भित्र बस्ने गऱ्यो । व्यापारीहरूले सामान भएको जहाजहरू धमाधम घाटको किनारमा अडाउन ल्याउनेबित्तिकै सबैलाई पैसा अलिअलि बैनास्वरूप औंठी दिएर त्यहाँ आइपुगेका जति सामानहरू सबै उसले किन्ने भनी रिजर्भ गऱ्यो । व्यापारीहरूले जलमार्गबाट धेरै सामानहरू त्यहाँ घाटमा ल्याए भन्ने समाचार फैलिनासाथ वाराणसी नगरको सय जना व्यापारीहरू, सामान किन्न पर्ने मानिसहरू सबै सामान किन्न त्यहाँ ताँती लागेर भेला भए। तर त्यस तन्नेरी मानिसले जलमार्गबाट व्यापारीहरू सामान लिएर आएका सबैलाई पनि बैना दिएर सबै सामानहरू रिजर्भ गरिसकेकोले ती ग्राहकहरू



Downloaded from http://dhamma.digital

सबैले पनि उसलाई दुई गुणाभन्दा बढी मूल्य तिरेर सामानहरू किन्नुपर्ने भयो। यसरी सारा जहाजका सामानहरू बेच्दाखेरि उसलाई दुई लाख रुपियाँ नाफा भयो।

यसरी वीर्यद्वारा धन कमाएर चार महिनाभित्रमा त्यस भिखारीको भकारी भरियो। अनि उसले मनमा गुण सम्झेर विचार गऱ्यो, "आहा ! त्यो चुल्लसेट्ठी पण्डितको कुरा सुनेर म गरीब मानिसले चार महिनाभित्र यतिका पैसा कमाउन पाएँ। मैले यसरी कमाउन सकेको वहाँको नै ज्ञान सुनेर हो। यदि वहाँले मलाई वाराणसी नगरको गल्ली बाटोमा फ्याँकिराखेको मरेको मुसा नदेखाएको भए, त्यसलाई बेचेर जीविका गर्न सकिन्छ, धनी पनि हुन पाईन्छ भनी मेरो अगाडि नभनेको भए, मैले त्यो मुसा लिएर बेच्न नलगेको भए आज म गरीबको गरीब नै भएर बस्नु पर्ने थियो होला। अब म वहाँ चुल्लसेट्ठी पण्डितको अर्ति, बुद्धि सुनेर म धनी हुन पाएँ। वहाँ एउटा मेरो कल्याणमित्र गुरु नै हुनुभयो। त्यसैले मैले कमाएको यो रुपियाँको आधा वहाँलाई गुरु दक्षिणा चढाउँछु।" यसरी विचार गरी उसले एक लाख रुपियाँ चुल्लसेट्ठी पण्डित बोधिसत्त्वलाई घरसम्म गएर दिन लग्यो।

अनि चुल्लसेट्ठी पण्डित त्यस तन्नेरी मानिसले चार महिनाभित्र दुई लाख रुपियाँ कमाएर एक लाख रुपियाँ गुरु दक्षिणा दिन ल्याउनेलाई आफ्नो शिष्य (अन्तेवासिक) सम्झेर खुशी भयो। पण्डितले तन्नेरीलाई यति छोटो समयभित्रमा यतिका रुपियाँ तिमीले कसरी कमाएर ल्यायौ भनी सोध्दा उसले मरेको मुसा लगेर बेचेको कुरादेखि लिएर जलमार्गका व्यापारीहरूसंग सम्पर्क राखी उनीहरूका सामानहरू सबै रिजर्भ



Downloaded from http://dhamma.digital

गरी दोब्बरभन्दा बढी मूल्य लिएर बेची धन कमाएको सम्मको कुरा सबै यथार्थ विस्तृत रूपले बतायो । त्यस मानिसले फेरि भन्यो, “त्यसैले यो दुई लाख रुपियाँ कमाइको आधा एक लाख रुपियाँ गुरु दक्षिणा तपाईंलाई लिनुहोस् ।” यो कुरा सुनेर बोधिसत्त्व पण्डित धेरै खुशी भयो । उसले विचार गऱ्यो, “यो एउटा साह्रै बुद्धिमान् वीर्यवान् मानिस हो; रूप पनि भएको तन्नेरी छ । यसलाई मेरो छोरी विवाह गरि दिएँ भने यस मानिसले मेरी छोरीलाई राम्ररी विचार गरी पालन-पोषण गरी आनन्दले पालेर रक्षा गर्न सक्दछ । मेरी छोरीको जीवन सुखपूर्वक बित्न सक्दछ ।” यसरी विचार गरी आफ्नी राम्री तरुणी छोरी त्यस तन्नेरी केटासंग विवाह गरिदियो । साथै आफ्नो घर खेत आदि धन सम्पत्ति पनि सबै उसलाई नै सुम्पिदिएर आफ्नो नाम झिकी आफ्नो जुवाईँलाई चुल्लसेट्ठी पदवी पनि दियो । यसरी त्यस गरीब मानिसलाई आफ्ना वीर्यको कारणले गर्दा घर खेत आदि धन सम्पत्ति पनि चाहिँदो नै भयो, राम्री तरुणी पत्नी पनि प्राप्त भयो । अब के चाहियो ।

प्रिय श्रोताहरू । यो चुल्लसेट्ठी जातक कथा तपाईंहरूलाई रमाउनको लागि मात्र राम्रो कथा भनी नसम्झिनुहोस् । यो केवल कथा मात्र होइन, अपितु वीर्यले सफल भएको व्यापार तथा कामको एउटा ठोसपूर्ण उदाहरण पनि हो । आजकाल नेपालमा पनि हामीले देखिराखेकै छौं मानिसहरूले फ्याँकिराखेको खाली सिसी, फलाम टुक्रा, कागज टुक्रा आदि सबै लगी पुनः प्रशोधन गरी त्यसको फेरि सामानहरू बनाएर बेची कत्तिको पैसा कमाइरहेका छन् । गरीब मानिसहरूले खुब मेहनतपूर्वक व्यापार, काम गरी एउटै जन्ममा ठूलो भएर माथि



Downloaded from http://dhamma.digital

आएका, धनी भएका, ज्ञानी, गुणी भएका मानिसहरू मैले पनि धेरैजना नै चिनेको छु ।

प्रिय विद्यार्थीहरू ! म स्वयम् पनि बनेपा जस्तो गाउँमा एउटा साधारण किसान कुलमा जन्म भएको मानिस हुँ । मैले आफ्नै मेहनत र बुद्धिद्वारा केही ज्ञान प्राप्त गरें । सोतापति भएर मनुष्य जीवन सफल गर्ने उद्देश्यले इस्वी संवत् १९६९ मा तेइस वर्षको उमेरमा गृह त्याग गरी पूज्य संघनायक प्रज्ञानन्द महास्थविरको उपाध्यायत्वमा ललितपुरस्थित शाक्यसिंह विहारमा श्रामणेर प्रव्रजित भएँ । त्यसपछि तीन वर्ष जति सुमंगल विहारमा बसेर मैले धर्मको अभ्यास गर्ने; ध्यान, ज्ञान हासिल गर्ने कोसिस गरें । तर उचित मौका प्राप्त भएन । त्यहाँ धर्मको वातावरणमा हुर्कनको लागि सिकाउने, पढाउने गरिदिने गुरुहरू प्राप्त नभएकोले प्रव्रजित भएको उद्देश्य सोतापति हुने, ध्यान, ज्ञान, लाभ गर्नेदेखि टाढा भएर गएको महसुस भयो । धर्मको नाममा दान लिएर खाई जीवन आलटाल गरी बिताएर बस्नुपरेको देखी मन असन्तुष्ट भयो । अनि मेरो मनमा "लेखापढी नभएकाहरूले मानवत्व बुझ्दैनन्, संसार चिन्दैनन्, नजान्ने नबुझ्ने मनुष्य जीवनको मूल्य नै छैन ।" भनेको दृढ विश्वास भयो । तर विहारमा पढाउने व्यवस्था छैन । बाहिर स्कूलमा कतै पढाउन पठाएन । अनुमति दिइएन । हा, प्रव्रजित जीवन ! भनी साह्रै विरह भएर म क्वाँक्वाँ (धुरूधुरू) रोएँ । पछि आफैं अटेरी भएर त्यस वातावरणको दासत्वको बन्धनबाट बाहिर निस्केर आएँ । शिक्षाको गवेषणमा लागें ।

इस्वी संवत् १९७२ मा हाल हुनुभएको परमपूज्य सोमदेत



Downloaded from http://dhamma.digital

संघराज फ्रा ञाणसंवर भन्तेको सहायता लिएर, नेपालमा एस. एल. सी.सम्म पनि पास गर्न नपाउनेले थाइलैण्डको महामकुट बुद्धिस्ट यूनिभर्सिटीमा पढ्न गएँ। वहाँ संघराज भन्तेको उपाध्यायत्वमा म उपसम्पदा भिक्षु भएँ। विदेशी भाषाले अध्ययन गरेर बुद्धधर्म सम्बन्धी अण्डर-ग्राजुएट डिप्लोमा पास गरें। बैंककस्थित अमेरिकन आर्मी एजुकेशन सेन्टरमा गई जाँच दिएर अमेरिकाको एस. एल. सी. जस्तै जी. ई. डी. पास गरें। फेरि महामकुट बुद्धिस्ट यूनिभर्सिटीमा नै छात्रवृत्ति प्राप्त गरी दर्शनशास्त्र पढेर बी. ए. सर्वप्रथम श्रेणी पास गरें। त्यहाँ सात वर्षको भित्रमा मैले लेखहरू लेखेर छपाउने, विदेशीहरूलाई अंग्रेजी भाषाले धर्म अध्यापन गराउने काम पनि धेरै गरेर आएँ।

भारतमा बनारस हिन्दू यूनिभर्सिटीमा छात्रवृत्ति प्राप्त गरी दर्शनशास्त्र सम्बन्धी एम. ए. पास गरें। त्यहाँ पिएच. डी. एक वर्ष जति अध्ययन गरें। त्यसपछि श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको मैत्रीपूर्ण सहयोग र विश्वमा प्रख्यात भएको अमेरिकाको हार्वार्ड (Harvard) यूनिभर्सिटीको छात्रवृत्ति प्राप्त गरी त्यहाँ विभिन्न धर्म सम्बन्धी एम. टी. एस. डिग्री, डब्बल एम. ए. पास गरें। पछि ईर्ष्या राजनीति लाग्यो। नेपालबाट राजाको अनुमतिपूर्ण सहायता प्राप्त भएन। अमेरिकाको हार्वार्ड यूनिभर्सिटीले पनि छात्रवृत्ति सकियो, छैन भनी  दिएन। त्यसैले मैले फेरि आफ्नै मेहनतले वासिङ्गटन डी. सी. मा अमेरिकन यूनिभर्सिटीको छात्रवृत्ति प्राप्त गरी भेटनामीज महायान विहारमा बसेर यूनिभर्सिटीमा पढ्न गएर दर्शनशास्त्र सम्बन्धी पिएच. डी. पास गरें। विभिन्न लेखहरू र केही पुस्तकहरू पनि



Downloaded from http://dhamma.digital

लेखेर छपाएँ । भिन्नाभिन्नै यूनिभर्सिटीमा धर्म र दर्शन पढाएँ । अमेरिकाको धेरै ठाउँमा र यूरोप एवं क्यानाडाजस्तो विभिन्न देशमा गएर बुद्धको उपदेश सुनाएँ, धर्म प्रचार गरें । अमेरिकाको राजधानी वासिङ्गटन डी. सी. जस्तो ठाउँमा इस्वी संवत् १९९१ मा सिद्धार्थ यूनिभर्सिटी स्थापना गरें । यसरी थाइलैण्डमा नौ वर्ष, भारतमा तीन वर्ष, अमेरिकामा दस वर्ष गरी जम्मा बाइस वर्ष विदेशमा बसेर, एसिया, यूरोप आदि विभिन्न देशमा घुमेर आएँ ।

विदेशमा गएर अर्काको भाषाले अध्ययन गरी माथि भनेझैं उच्च शिक्षा हासिल गर्नेदेखि लिएर सिद्धार्थ यूनिभर्सिटी स्थापना गर्ने जस्तो काम गर्नलाई मैले कति दिमाग खेलाएँ होला, कति मेहनत गरें होला भन्ने कुरा त सायद अहिले तिमीहरू आफैले अनुमान गरिलिन सक्छौ । विद्यार्थीहरू ! यदि म गरीब कुलमा जन्म भएको किसानको बच्चाले के काम गरी खान सक्छु भनी मनमा निराशपन ल्याएर, गर्नुपर्ने वीर्य नगरीकन, बुद्धि नखेलाईकन बसेको भए सायद आज मसंग यो उच्च शिक्षाको अनुभव हुँदैन थियो होला । अंग्रेजी भाषाले लेखहरू र पुस्तकहरू लेखेर विदेशमा छाप्न दिएर विभिन्न देशमा प्रचार गर्न सक्ने पनि थिइनं होला । अहिले यो भनिराखेको उपदेश पनि तिमीहरूलाई यसरी भन्न सक्दिनं थिएँ होला । तर मसंग दृढ विश्वास छ वीर्य र प्रज्ञाद्वारा हामीले जीवनको कार्य सफलता प्राप्त गरी लिन सकिन्छ, सक्छौं । उच्च शिक्षा प्राप्तिको लागि मैले स्वयम् दुःख गरी मेहनत गरेर आएको अनुभवको कुरा एक टुक्रा प्रसंगवश उदाहरणको रूपमा श्रोताहरूको अगाडि बताएँ । विद्यार्थीहरूलाई शिक्षा प्राप्त गर्न मेहनत गर्नको लागि केही हौसला



Downloaded from http://dhamma.digital

प्राप्त होला भन्ने विचारले बताएको हुँ । मेरो आदर्श वाक्य हो :-

पञ्‍ञं पटिच्च पप्पोति,
सतिं विरियमिच्छितं ।

अर्थ : प्रज्ञा र स्मृतिको आधारमा गरेको
वीर्यले इच्छा गरेको उद्देश्य प्राप्त गर्दछ ।

श्रोताहरू, उद्योग गर्नुहोस् । वीर्यले दु:खलाई नाश गर्दछ । दत्तचित्त भएर वीर्य गर्नुहोस् । तपाईहरू एकदिन अवश्य पनि सफल हुनुहुन्छ । वीरियेन दुक्खं अच्चेति अर्थात् वीर्यद्वारा सत्त्वहरू दु:खबाट मुक्त हुन्छन् भन्ने बुद्धवचन कहिले पनि निरर्थक हुँदैन ।

श्रोताहरू, वीर्य नपुगेकोले हामी दु:खी भएर बस्नुपरेको हो । हामी नेपाली जनताहरू गरीब भएर बस्नुपरेको विभिन्न कारणहरूमध्ये अज्ञान र अल्सीपन यी दुइटा ठूला मूल कारणहरू हुन् भन्दा अत्युक्ति हुँदैन । हाम्रो नेपालमा पढाइ लेखाइ जान्नेभन्दा पढाइ लेखाइ नजान्ने जनताहरू धेरै मात्रामा छन् । यदि हामीसंग के कसरी गरे उन्नति वृद्धि हुन्छ भन्ने शिक्षा ज्ञान र उद्योग भयो भने हामी यसरी गरीब भएर बस्नुपर्ने छैन । जहाँ वीर्य छ त्यहाँ सम्पन्नता छ, जहाँ वीर्य छैन त्यहाँ असम्पन्नता छ । विकसित मुलुकमा बस्ने मानिसहरूले हामी नेपाली मानिहरूले भन्दा धेरै उद्योग गर्छन् । वीर्य गर्छन् । विकसित मुलुकमा कर्मचारीहरूले विहान ८:०० बजेदेखि साँझ ५:०० बजे सम्म अफिसमा काम गर्नुपर्छ । त्यसको बीचमा लञ्च (भात) खानलाई एक घण्टा छुट्टीबाहेक दिनको जम्मा आठ घण्टा समय मेहनत गरी



Downloaded from http://dhamma.digital

काम गर्नुपर्छ। हाम्रो नेपालमा कर्मचारीहरूले विहान १०:०० बजे देखि दिउँसो ५:०० बजेसम्म अफिसमा काम गर्नुपर्छ भन्छन्। त्यसको बीचमा टिफिन (खाजा) खाने आधा घण्टा समय छुट्टी हुन्छ। यसरी सरकारी नियम अनुसार कर्मचारीहरूले दिनको ६:३० घण्टा मात्र अफिसमा काम गरे पनि पुग्छ। तर त्यसो भए पनि उनीहरू प्रायः विहान १०:३० बजे अफिसमा हाजिर भएर दिउँसो ४:०० बजेदेखि नै घर फर्कने तरखरमा लाग्छन्। दिउँसो अफिस समयमा पनि विकसित देशका कर्मचारीहरूले जस्तै मनैदेखि पूर्णरूपले ईमान्दारीसाथ ध्यान दिएर परिश्रमपूर्वक काम गरेको देखिंदैन। नेपालको उक्ति, "राजाको काम कहिले जाला घाम," भन्ने विचार मनमा धारणा भइराखेको छ। अझ शुक्रवारको दिनमा त सरकारी बैंक बैंकमा विहान १०:३० बजेदेखि दिउँसो १२:०० बजेसम्म सिवाय जनताहरूसंग लेनदेनको काम गरिंदैन। खेती गरी खाने किसानहरूको पनि खेतमा धान रोप्न महिना डेढ महिना समय र गहुँ, तरकारी आदि रोप्न महिना डेढ महिना समय, अनि त्यसपछि ती (फसल) बाली भित्र्याउन दुई तीन हप्ता जति समयसहित जम्मा अन्दाजी वर्षको तीन-चार महिना समय खुब मेहनत गरी काम गर्दछन्। यसो गर्दाखेरि पनि ज्याला लिई अर्काको काम गर्ने ज्यामीहरूको, किसानहरूको मनमा त, "दिन कटाउनु माना पचाउनु," भन्ने विचार, धारणा नभएका होइन। अझ बाँकी आठ महिना समय त आलटाल गरी साधारण किसिमले बिताउँछन्। त्यसकारण हाम्रो कसरी उन्नति हुन्छ ? हामीहरू कसरी सम्पन्न हुन्छौं ?

श्रोताहरू, मैले यसो भन्दाखेरि सायद तपाईंहरूको मनमा



Downloaded from http://dhamma.digital

यस्तो पनि विचार आउन सकिन्छ कि "एर्पोट, भन्सार, कर विभाग र अर्थ मन्त्रालय आदि ठाउँमा राष्ट्रिय सम्पत्ति हर्ताकर्ता चलाउने काम गरिराखेका ठूला-ठूला मानिसहरू त धेरै परिश्रम नगरे तापनि जागिर खाएको केही वर्ष भित्रमा नै ठूला-ठूला घर बनाउन सक्छन्, राम्रा-राम्रा मोटर किन्न सक्छन्, धन सम्पत्ति धेरै भएर आएको हुन्छ। साथै आफ्ना छोराछोरीहरूलाई अमेरिका, बेलायत, जापानजस्ता विदेशहरूमा पढाउन पनि सक्छन्। हामी मात्र जतिसुकै दुःख गरेर परिश्रम गरे तापनि किन त्यसरी धनी हुन नसकेको ?" यसरी आश्चर्यको विचार आउन सक्दछ। प्रिय श्रोताहरू ! ती ठूला-ठूला पदवी भएका मानिसहरू एकैचोटि त्यसरी धनी भएर आउने उनीहरूको गोप्य सूत्रहरू तपाईंहरूले देखे तापनि थाहा पाउन सक्नुहुन्न। बाहिर देखाएर प्रमाणित गर्न पनि सजिलो हुँदैन। त्यसैले ती सजिलोसंग धन कमाउने सूत्रहरू हामीजस्ता साधारण जनताहरू सबैलाई लागू हुँदैन। हांमी धर्म प्रेमी मानिसहरूका लागि आफ्नै सम्यक् व्यायाम रूपी परिश्रमले उपार्जन भएको सम्यक् आजीविका मात्र लागू हुन्छ।

वीर्य नभएको मानिसले संवरशील पनि पालन गर्न सक्दैन। थीनमिद्ध अर्थात् अल्सीको कारणले गर्दा प्राप्त नभएको धन, ध्यान, ज्ञान केही पनि प्राप्त गर्न सकिँदैन। प्राप्त भइरहेको ध्यान, ज्ञान, सम्पत्ति पनि रक्षा गर्न सकिँदैन। उन्नति, वृद्धि गर्न सकिँदैन। त्यसकारण 'कोर्दाको चोट सहन नसक्ने असल घोडाझैं तिमीहरू पनि प्रयत्नशील, संवेगी होऊ। वीर्यवान् भएर यो महान् दुःखलाई नाश गर' भन्ने बुद्धको उपदेश हो। आफ्नो दोष देखाई दया करुणा राखेर, सपार्नको लागि सिकाउनेहरूको, सल्लाह साउती दिनेहरूको



Downloaded from http://dhamma.digital

सत्संगत गरी असल हुने कोसिस गऱ्यो भने आफूसंग भएको नराम्रो बानी हराएर जान्छ । आफूसंग नभएको ज्ञान गुण पनि भएर आउँछ, राम्रो हुन्छ । स्वर्ग सम्पत्ति, निर्वाण सम्पत्ति प्राप्तिको लागि आरद्धवीर्यवान् भएर प्रयत्न गर्नुपर्छ । केवल प्रार्थना मात्र गरेर पुग्दैन । आर्य पुद्गल तथा कल्याणमित्रहरूले दु:खबाट मुक्त हुने बाटो मात्र देखाउन सक्दछन् । दु:खबाट मुक्त हुने काम त आफैले गर्नुपर्दछ । अनि मात्र जीवनको लक्ष्य पूर्ण हुन्छ ।

मानिसहरूले टेलिफोन दूर संचारद्वारा कुराकानी गरी, टेलिभिजन हेरी विश्व घटना जानेर बस्ने, हवाईजहाज, हेलिकप्टर आदिमा बसेर आकाशमा उड्नेजस्ता साधनहरू आविष्कार भएको पनि प्रज्ञा र वीर्यको आधारमा नै हो । मानिसहरूले वीर्यको आधार लिई महासमुद्रमा घर बनाएर बसिसके, आकाशमा आवासस्थान बसाल्ने रूपरेखा बनाउँदैछन्, मानिसहरू चन्द्रलोकमा, ब्रह्मलोकमा पुगी सके; निर्वाणमा पुगी सके । वीर्यको आधार लिएर मानिसहरूले विश्वमा गर्न नसक्ने केही छैन । "वीरियवतो किं नाम कम्मं न सिज्झति" अर्थात् तीव्र वीर्य भएको व्यक्तिको लागि कुनै पनि काम असफल हुँदैन ।

तीव्र वीर्य र निरन्तरता भयो भने मानिसहरू हजारौं कोसको यात्रा एकएक पाइला चालेर पुग्न सक्दछन्; महासमुद्रको पानी अँजुलीले उघाउँदैउघाउँदै समाप्त गर्न सक्दछन्; हिमालय पर्वतलाई पनि हातले कोट्याउँदै सम्याउन सक्दछन्; क्लेशलाई निर्मूल गरी अमृतपद प्राप्त गर्न सक्दछन् । यदि हामीले आफ्नो लक्ष्य प्राप्त नगरी पूर्ण नगरी



Downloaded from http://dhamma.digital

छाड्दिनौं, यति धन लाभ गर्छौं, यति ज्ञान तथा शिक्षा प्राप्त नगरी छाड्दैछाड्दिनौं भनी मनमा राखी आरद्धवीर्य हुनेगरी प्रयत्न गर्न सकेमा हामी सफलताबाट विमुख (पराजित) भएर बस्नुपर्ने छैन । माथि भनेजस्तै वीर्य भएको व्यक्तिको क्षमताभित्र परेको काम लक्ष्य सबै सफल गर्न सकिन्छ ।

बोधिसत्त्व सिद्धार्थ कुमार ऋषिले आफ्नो लक्ष्य प्राप्त गर्नको लागि चतुरंग वीर्य गर्नुभयो । वहाँले, "मेरो शरीरमा भएको मासु, रगत सुकेर गए पनि, हड्डी र नशा मात्र बाँकी भए तापनि, टुक्राटुक्रा भई विनाश नै भए तापनि होस्, विशिष्ट धर्म बोधिज्ञान लाभ नभएसम्म मैले निरन्तर उद्योग र अभ्यास गर्दै रहने छु ।" भनी दृढ प्रतिज्ञा गरी प्रयत्न गर्नुभएर बोधिज्ञान प्राप्त नै गर्नुभयो । यदि हामीले पनि यसरी नै उत्साहपूर्वक प्रयत्न गऱ्यौं भने हाम्रो जीवनको लक्ष्य पूर्ण हुन सक्दछ । जीवन सार्थक गर्नको लागि आरद्धवीर्य गर्नुपर्छ । यो हो हामीले गर्नुपर्ने वीर्य । वीर्य र भगवान् बुद्धको आनुभाव (प्रभाव)द्वारा तपाई हामी सबै यो जन्म मरणरूपी संसार चक्र दुःखबाट चाँडै मुक्त हुन सकौं भन्ने मंगलकामना गर्दै आजको वीर्य सम्बन्धी उपदेश प्रवचन यहीं टुंग्याउँछु । अस्तु !

मंसिर १८, २०५३ — शाक्यसिंह विहार



Downloaded from http://dhamma.digital

# लेखकको आह्वान

प्रिय पाठक !

हाम्रो प्रकाशकको तर्फबाट तपाईं पाठकलाई मेरो प्रयासको प्रतीक यो *वीर्य* पुस्तक निःशुल्क प्रदान गर्न पाएकोमा म हर्षित छु। बुद्धधर्म तथा शिक्षा उत्थान गर्नको लागि मैले सकेको विभिन्न वीर्य प्रयत्नहरू गरिरहेको कुरा यहाँलाई अवगत नै होला। हामीले विश्वव्यापी सहयोग, शिक्षा र विश्वशान्तिको प्रतीक सिद्धार्थ विश्वविद्यालय निर्माण गर्न उपलब्ध जग्गा, बनेपा (नाला)मा पहिले यस विश्वविद्यालय अन्तर्गत सुगन्धकुटी विहार बनाउन लागेकाछौं। हामीलाई आर्थिक र भौतिक सहयोग आवश्यक भइरहेकोछ। त्यसकारण, यो *वीर्य* पुस्तक पढ्ने प्रत्येक पाठकले हामीलाई पचास (५०।-) रुपैयाँ सहयोग दिई विहार निर्माण गर्नेजस्तो महान पुण्यको सहभागी बन्नुहुन आह्वान गर्दछु। साथै तपाईंले आफ्नो उदारता र मुदिता स्वविवेकले देखाउनु भई सहयोग तल उल्लेखित ठेगानामा पठाइदिनु होला। शुभम्।

कार्तिक ७, २०५६


डा. भिक्षु सुनन्द
आनन्द विहार क्याम्पस
शाक्यसिंह विहार
थैनाटोल, ललितपुर-१२, नेपाल।

फोन ५३०-६०७

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# लेखकको चिनारी



नाम : डा. भिक्षु सुनन्द
जन्म मिति : चैत्र दशमी, वैशाख १०, २००२
(April 6, 1946)
जन्म स्थान : दछुटोल, बनेपा, नेपाल ।
पिता माता : काजी बहादुर पुतुवार तथा
दीर्घमाया पुतुवार
प्रव्रज्या स्थान : शाक्यसिंह विहार, ललितपुर ।
प्रव्रज्या मिति : June 6, 1969
उपाध्याय : संघनायक प्रज्ञानन्द महास्थविर
उपसम्पदा स्थान: वाट बोवोरनिवेस विहार, बैंकक ।
उपसम्पदा मिति: July 1, 1972
उपाध्याय : सोमदेत संघराज फ्रा ञाणसंवर महाथेरो
शैक्षिक योग्यता: बी. ए. दर्शनशास्त्र (सर्वप्रथम श्रेणी), 1978,
महामकुट बुद्धिस्ट यूनिभर्सिटी, बैंकक, थाइलैण्ड ।
एम. ए. दर्शनशास्त्र 1981, बनारस हिन्दू यूनिभर्सिटी, इण्डिया ।
एम. टी. एस., डब्बल एम. ए., 1984, हार्वार्ड (Harvard)
यूनिभर्सिटी, क्याम्ब्रिज, अमेरिका ।
पिएच. डी. दर्शनशास्त्र, 1988, अमेरिकन यूनिभर्सिटी,
वासिङ्गटन डी. सी., अमेरिका ।
लेखक : *शिष्टाचार; The Buddhist Sangha: Paradigm of the Ideal Human society; Nepal - Constitution and Religion: A Question of Religious Liberty; Mental Phenomena and Meditation;* इत्यादि ।
रचनाकार : उचित विवाह, बौद्ध भजन र ज्ञानोदय भजनका क्यासेटहरू ।
अध्यापन : जोर्ज मेशन यूनिभर्सिटी, यूनिभर्सिटी अफ डिस्ट्रिक्ट अफ कोलम्बिया, अमेरिका, आदि ।
उपदेशक : विभिन्न थरिका श्रोताहरू बीच बुद्धधर्म तथा दर्शनको व्याख्यान ।
संस्थापक : सिद्धार्थ यूनिभर्सिटी, वासिङ्गटन डी. सी., अमेरिका ।
अध्यक्ष : सिद्धार्थ विश्वविद्यालय (योजना तथा स्रोत परिचालन समिति), बनेपा, नेपाल ।

<u>हाल बसेको ठेगाना</u>: **आनन्द विहार क्याम्पस, शाक्यसिंह विहार,**
थैनाटोल, ललितपुर-१२, नेपाल ।
फोन ५३०-६०७

Downloaded from http://dhamma.digital